१४. क्षेत्रीय निर्देशक, क्षेत्रीय वन निर्देशनालय, वीरेन्द्रनगर-- सदस्य
१५. प्रमुख, जिल्ला मालपोत कार्यालय, सुर्खेत-- ,,
१६. प्रमुख, स्थानीय नेपाल विद्युत प्राधिकरण, वीरेन्द्रनगर-- ,,
१७. प्रमुख, जिल्ला नापी शाखा, सुर्खेत-- ,,
१८. आवास तथा भौतिक योजना मन्त्रालयले तोकेको राजपत्रांकित अधिकृत-- सदस्य-सचिव

द्रष्टव्यः (१) मनोनीत सदस्यहरूको पदावधि २ वर्षको हुनेछ ।
खण्ड ४० संख्या ३१ मिति २०४७।८।३को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वीरेन्द्रनगर नगर विकास समितिको गठनसम्बन्धी यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

## सूचना ४

नगर विकास ऐन, २०४५ को दफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले डोटी जिल्लाको दिपायल-सिलगढी नगरपालिकामा देहाय बमोजिमका पदाधिकारी रहने गरी दिपायल-सिलगढी नगर विकास समिति गठन गरेको छ ।

१. सभापति, जिल्ला विकास समिति, डोटी-- अध्यक्ष
२. प्रमुख, दिपायल-सिलगढी नगरपालिका-- उपाध्यक्ष
३. श्री भेषराज जोशी, दिपायल-सिलगढी नगरपालिका, डोटी-- सदस्य
४. श्री रामचन्द्र भट्ट, दिपायल-सिलगढी नगरपालिका, डोटी-- ,,
५. श्री चन्द्रदेव पनेरू, दिपायल-सिलगढी नगरपालिका, डोटी-- ,,
६. जगदीश के. सी., दिपायल-सिलगढी नगरपालिका, डोटी-- ,,
७. श्री धर्मसिंह खड्का, दिपायल-सिलगढी नगरपालिका डोटी-- ,,
८. श्री दुर्गाप्रसाद फुलारा, सिलगढी-- ,,
९. श्री खड्गबहादुर शाह, सिलगढी-- ,,
१०. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, डोटी-- ,,
११. क्षेत्रीय निर्देशक, क्षेत्रीय खानेपानी निर्देशनालय, डोटी-- ,,
१२. प्रमुख, जिल्ला भवन कार्यालय, डोटी-- ,,
१३. प्रमुख, जिल्ला सडक कार्यालय, डोटी-- ,,
१४. प्रमुख, जिल्ला वन कार्यालय, डोटी-- ,,



४२१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. प्रमुख, जिल्ला मालपोत कार्यालय, डोटी– सदस्य
१६. प्रमुख, स्थानीय नेपाल विद्युत प्राधिकरण, दिपायल– "
१७. प्रमुख, जिल्ला नापी शाखा, डोटी– "
१८. आवास तथा भौतिक योजना मन्त्रालयले तोकेको– राजपत्राङ्कित अधिकृत– सदस्य-सचिव

द्रष्टव्य: (१) मनोनीत सदस्यहरूको पदावधि २ वर्षको हुनेछ।

खण्ड ४० संख्या ३१ मिति २०४७।८।३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित दिपायल नगर विकास समितिको गठनसम्बन्धी यस मन्त्रालयको सूचना खारेज गरिएको छ।

आज्ञाले,
टंकनाथ भट्टराई
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी आवश्यक वस्तु संरक्षण ऐन, २०१२ अन्तर्गत सजाय हुने मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची–१ मा समावेश गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
सुरेशमान श्रेष्ठ
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

### विद्युत महसुल निर्धारण (पहिलो संशोधन) नियमावली, २०५०

विद्युत महसुल निर्धारण नियमावली, २०५० लाई संशोधन गर्न वान्छनीय भएकोले विद्युत ऐन, २०४९ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।